मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ माघ १० गते मंगलबार (Tuesday, January 24. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

६ महिनामा व्यापारघाटा ७ खर्ब ११ अर्ब

झापा, माघ ५। ६ महिनामा नेपालको व्यापारघाटा ७ खर्ब ११ अर्ब पुगेको छ ।

चालू आर्थिक वर्षको ६ महिनामा नेपालको व्यापारघाटा ७ खर्ब ११ अर्ब रुपैयाँ बराबरको देखिएको छ । पुस मसान्तसम्ममा नेपालले ७ खर्ब ९२ अर्ब रुपैयाँ बराबरको वस्तु खरिद गरेको छ भने ८० अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात गरेको छ । गतआर्थिक वर्षको तुलनामा नेपालको वस्तु आयात र निर्यात दुवैमा कमी आएको देखिएको छ । जसकारण नेपालको

(बाँकी अन्तिम पृष्ठमा)

राष्ट्रपतिको आशामा कांग्रेस

झापा, माघ ५। राजनीतिक खेलको अन्तिम 'मुभ'मा गलत दिशा समात्न पुग्दा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस केन्द्रदेखि प्रदेशसम्म शक्ति र सत्ताविहीन हुन पुग्यो ।

निर्वाचनपछि आगामी ५ वर्षसम्म सत्ताको मियो बन्न खुट्टा उचालेको कांग्रेस अहिले हाँस न बकुल्लाको चालमा देखिन्छ । आफ्नो अहम् र घमण्डले बिचराको अवस्थामा पुगेको कांग्रेस राजनीतिमा बौरिने प्रयास स्वरुप अब सम्पूर्ण ध्यान राष्ट्रपति निर्वाचनमा केन्द्रित गर्ने भएको छ ।

संसद बिघटनबिरुद्ध जोडिएको गठबन्धनबाट बाहिरिएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेकपा एमालेको समर्थनमा पुस १० गते प्रधानमन्त्री बनेपछि एउटा कुरा निश्चित थियो, अब कांग्रेस प्रतिपक्षमा बस्छ । तर, सबै अपेक्षा विपरीत कांग्रेस प्रधानमन्त्रीको लागि आफ्नो साथ छोडेका माओवादी केन्द्रका अध्यक्ष दाहाललाई पुस २६ गते विश्वासको मत दिने पुग्यो ।

१६ दिनमै पुरै दिशा परिवर्तन गरेको कांग्रेस र कुर्सीकै लागि गठबन्धन तोडेका प्रधानमन्त्री दाहालबीच केही न केही भद्र सहमति भएको हुन सक्ने आशंका कायमै छ । तर, उक्त आशंका सभामुख र उपसभामुखको निर्वाचनमा गलत साबित भइसकेको छ । प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने निर्णयको औचित्यको खोजी भइरहँदा नेपाली कांग्रेसले राष्ट्रपतिमा झिनो आशा बाँकी नै राखेको छ । प्रधानमन्त्री दाहालको पार्टीले राष्ट्रपतिमा सघाउने झिनो आशामा बल पुग्ने गरी कांग्रेसले सम्पूर्ण रूपमा राष्ट्रपति निर्वाचनमा केन्द्रित हुने निर्णय गरेको हो ।

तर, आशा गरेजस्तो कांग्रेसको लागि राजनीतिक परिस्थिति अनुकूल छैन । सत्ता साझेदार दलहरु पछिल्लो सत्ता समीकरणमा दृढ देखिएका छन् । हुन त राष्ट्रपति निर्वाचनको मिति तय भइसकेको छैन । राष्ट्रपति निर्वाचन सम्बन्धमा कानूनी जटिलता समेत देखिएको छ । वर्तमान राष्ट्रपतिको पदावधि फागुन २८ गते सकिँदैछ । संवैधानिक व्यवस्था अनुसार पदावधि सकिनु १ महिना अगावै राष्ट्रपतिको निर्वाचन सम्पन्न गरिसक्नुपर्ने हुन्छ ।

संविधानले राष्ट्रपतिको कार्यकाल निर्वाचित भएको मितिले ५ वर्ष भनेकाले एक महिना अगावै नयाँ राष्ट्रपति चुन्दा देशमा दुई राष्ट्रपति हुने अवस्था आउने तर्क शुरु भएको छ । सोही तर्क आधार बनाएर राष्ट्रपति निर्वाचनलाई पर सार्ने प्रयास शुरु भएको छ ।

यसैबीच नेपाली कांग्रेसका सांसद तथा केन्द्रीय सदस्य रामहरि खतिवडाले पार्टीका सभापतिकै कमजोरीपनका

देउवाको कारण कार्यकर्ता निराशः खतिवडा

कारण कार्यकर्ता निराश हुनुपरेको बताएका छन् ।

व्यक्तिगत भ्रमणमा पूर्व आएका बेला नेपाली कांग्रेस अर्जुनधारा नगर पार्टी कार्यालयले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले २०७९को आम निर्वाचनमा पार्टीले सबैभन्दा बढी मत ल्याए पनि सभापति शेरबहादुर देउवाको गलत निर्णयका कारण गठबन्धन बिग्रिएको बताए ।

ओखलढुंगाबाट निर्वाचित सांसद खतिवडाले उम्मेदवार छनौट गर्ने समयमा पार्टीभित्र नेता त्यसपछि नाता, दाता र भ्राता हुँदै टिकट बाँडिएपछि त्यहाँबाट असन्तुष्टि पैदा भई कांग्रेसले धेरै ठाउँ पराजय भोग्नुपरेको तीतो यथार्थ बताए । 'म पनि देउवा लवीभित्रैबाट प्राप्त टिकटले बिजय भएको हुँ'- उनले भने- 'तर, यस्तो अवस्थामा सभापति देउवाको जय गाउनुभन्दा कार्यकर्तामाझ गल्ती भएका कुराहरु खुलेरै भन्न पछि पर्दिनँ ।'

सोमबार कार्यकर्तामाझ पार्टी नगर सभाहलमा सांसद खतिवडाले गठबन्धनलाई मजबुद बनाउँदै सरकार निर्माण गर्नुपर्ने बेलामा कांग्रेसभित्र गुट र उपगुटको भेला हुन थाल्यो, मन्त्री को बन्ने ? कसका गुटबाट कति हुने ? हुनेवालाहरु पनि सभापति देउवालाई सल्लाह दिनुको साटो दौरासुरुवाल सिलाउनेमा पुगेको हुँदा यस्तो दुर्घटना हुन पुगेको उनले खुलासा गरे ।

पार्टीका केन्द्रीय सदस्य समेत रहेका खतिवडाले पार्टी अझै सुध्रिन बाँकी रहेको बताए । अझै पनि भातृ संगठनका पदाधिकारीहरुलाई गोजीबाट पद दिने चलन रहेको हुँदा नेविसंघ जस्तो सक्रिय संगठन अगाडि बढ्न नसकेको उदाहरण दिँदै समानुपातिकदेखि वडाध्यक्षसम्म पार्टीले पैसा मागेर पद बेचेको कारण कार्यकर्ताहरु अझै पीडित भएको आरोप लगाए । उनले केन्द्रीय समितिको बैठकमा यसको छानविन र सुदृढीकरणका विषयमा आवाज उठाउने आश्वासन समेत दिए ।

स्थानीय तह पार्टीले जित्दै गर्दा केन्द्रदेखि प्रदेश सरकारसम्ममा पार्टी सहभागी नहुँदा बिजयी स्थानीय तहका जनप्रतिनिधिहरुलाई काम गर्न कठिन भएको बताउँदै नेता खतिवडाले आलोचना र समीक्षासँगै देश दौडाहमा पार्टीका शीर्षस्त नेताहरु लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले सुकुम्बासी समस्या राष्ट्रको समस्या भएको कारण सुकुम्बासीसँग पैसा लिएर धनीपुर्जा दिने आश्वासन गलत भएको हुँदा सदनमा यसको जोडदार आवाज उठाउने समेत बताए । उनले कम्युनिष्टहरुको आलोचना गर्दै अन्तर्राष्ट्रियस्तरबाट कम्युनिष्टको सत्ता अन्त्य हुँदै जाँदा हाम्रै गल्तीका कारण त्यो बेला दुईतिहाइ बहुमत ल्याएको हो । पछिल्लोपटक कम्युनिष्ट टुक्रिए पनि सत्ता सम्हाल्न पुग्नु गुट-उपगुटकै फाइदा लिएको बताए ।

पार्टी नगर उपसभापति चतुर्भुज काफ्लेको सभापतित्वमा भएको कार्यक्रममा पार्टीका झापा जिल्ला सचिव कृष्ण हुमागाँई, बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाई, वडा नं. ३का वडाध्यक्ष सीताराम भट्टराई, जीवन भण्डारी, शनिश्चरे बहुमुखी क्याम्पसका सहायक प्रमुख कृष्ण थापा, अधिवक्ता कृष्ण पौडेल, पम्फा विक, रञ्जीता कार्की, विशाल थापा लगायतले स्थानीय तहका समस्याका विषयमा नेतालाई जानकारी गराएका थिए ।

कार्यवाहक सभापति प्रशान्त भण्डारीले स्वागत गरेको कार्यक्रममा अर्जुनधारा क्षेत्रका सचेत कार्यकर्ताहरुको बाक्लो उपस्थिति रहेको थियो ।

प्रजिअ रिजाललाई सम्मानसहित विदाइ

बिर्तामोड, माघ ५। बिर्तामोड उद्योग वाणिज्य संघसहित तीन दर्जन संघ-संस्थाले झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई सम्मानसहित विदाइ गरेका छन् ।

२०७८ पुस २८ गतेबाट झापाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका रिजालको तनहुँ जिल्लामा सरुवा भएको छ । उनको सरुवा भएसँगै उनले झापामा रहेको समयमा कोभिड नियन्त्रण, स्थानीय तथा प्रदेश र संघीय निर्वाचनमा खेलेको भूमिकाको प्रशंसा गर्दै सम्मानसहित विदाइ गरिएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष एवम् सार्क उद्योग वाणिज्य संघका उपाध्यक्ष चण्डीराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य उमेश डालमिया, प्रदेश अध्यक्ष टीकाराज ढकाल, जिल्लाका विभिन्न उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरु, विभिन्न संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा वीरता लेडी जेसीजकी अध्यक्ष संगीता गिरी, दमक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष प्रकाश प्रसाईं लगायतले शुभकामना दिएका थिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल विमलीले प्रमुख जिल्ला अधिकारी रिजालको सम्मान-पत्र वाचन गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि ढकालले प्रजिअ रिजालले झापामा रहेका समयमा वाणिज्य संघ लगायतका संघ-संस्थासंग गरेको समन्वयको प्रशंसा गरेका थिए । बिर्तामोड उद्योग वाणिज्य संघ, दमक उद्योग वाणिज्य संघ, मेची उद्योग वाणिज्य संघ, कन्काई उद्योग वाणिज्य संघ, बुद्धशान्ति उद्योग वाणिज्य संघ, झापा उद्योग संघ, झापा गोल्डकप, एकका लागि एक अभियान, सहारा नेपाल, नेपाल औषधि व्यवसायी संघ (झापा), रोटरी क्लब बिर्तामोड, सुनचाँदी व्यवसायी संघ, झापा, संवाद समूह, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड, मेची डिष्ट्रिव्यूटर्स एशोसिएशन बिर्तामोड, टायल्स तथा मार्वल व्यवसायी संघले प्रजिअ रिजाललाई सामुहिक रुपमा सम्मान गरेका थिए ।

त्यस्तै लायन्स क्लब अफ बिर्तामोड सिटी, लायन्स क्लब अफ बिर्तामोड, सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र, अलैंची व्यवसायी महासंघ, मेची पेट्रोलियम डिलर्स एशोसिएशन, रोटरी क्लब अफ बिर्तामोड मिडटाउन, राष्ट्रिय उपभोक्ता मञ्च झापा, महिला मुक्ति अभियान, एवीसी नेपाल, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई योजना, अर्जुनधारा जलेश्वर धाम, नेपाल उद्यमशील महिला संघ झापा, चेम्बर अफ कमर्श (झापा), वीरता जेसीज, बिर्तामोड, वीरता लेडी जेसीज, बिर्तामोड, छठ सेवा समिति, बिर्तामोड, निर्माण व्यवसायी संघ (झापा), युनिकन नेपाल, गोर्खा फाउण्डेशन नेपालले प्रमुख जिल्ला अधिकारी रिजाललाई सम्मानसहित विदाइ गरेका हुन् ।

सम्मान पश्चात कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी रिजालले झापामा रहँदा आफूले धेरै कुरा सिक्ने मौका पाएको र यहाँका संघ-संस्था, राजनीतिक दल, नागरिक समाज, पत्रकार लगायतले खेलेको भूमिकाको प्रशंसा गर्दै झापालाई कहिले बिर्सन नसक्ने

(बाँकी अन्तिम पृष्ठमा)

श्रीमतीलाई परपुरुषसँग भेटेपछि...

पथरीशनिश्चरे, माघ ५। मोरङको उर्लाबारी नगरपालिका-२स्थित फ्याफुल्ला चोकमा एक जनाले बञ्चरोको बिँडले प्रहार गर्दा दुई जना घाइते भएका छन् ।

आइतबार राति करिब ८ बजेको समयमा उर्लाबारी-२ फ्याफुल्ला चौकमा रहेको कुमार राईको घरमा स्थानीय चन्द्रबहादुर राई र आफ्नी श्रीमतीलाई परपुरुषसँग देखेपछि श्रीमान कुमारले श्रीमती र ती पुरुषलाई बञ्चरोको बिँडले प्रहार गरेको प्रहरीले जनाएको छ ।

कुटपिटबाट राईकी ४१ वर्षीय श्रीमती र ३७ वर्षीय चन्द्रबहादुरको टाउकोमा चोट लागेको अस्थायी प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

स्पट फिक्सिङ प्रकरण

क्रिकेटर मेहबुब र अदिल पक्राउ

काठमाडौं, माघ ५। एक साताअघि सम्पन्न नेपाल टी-२० लिग क्रिकेट प्रतियोगितामा स्पट फिक्सिङ गरेको आरोपमा दुई क्रिकेटर पक्राउ परेका छन् ।

पूर्व राष्ट्रिय क्रिकेटर मेहबुब आलम र क्रिकेटर आदिल अन्सारीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीले छुट्टाछुट्टै स्थानबाट पक्राउ गरेको हो । क्रिकेटर मेहबुब मोरङबाट पक्राउ परेका हुन् । उनलाई अहिले जिल्ला प्रहरी कार्यालय मोरङमा राखिएको छ । 'मेहबुब पक्राउ परेका छन् । उनलाई अहिले जिप्रकामा

राखेका छौं'- मोरङ प्रहरी प्रमुख एसपी शान्तिराज कोइरालाले भने- 'उनलाई सीआईबीको आग्रह

(बाँकी अन्तिम पृष्ठमा)

पात्रो र भित्तेपात्रो प्रकाशन गर्दा सरकारको स्वीकृति लिनुपर्ने

काठमाडौं, माघ ५। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले पात्रो र भित्तेपात्रो प्रकाशन गर्दा अनिवार्य रुपमा स्वीकृति लिन आव्हान गरेको छ । समितिको गठन आदेश-२०७७ र यस अन्तर्गत बनेका नियमका आधारमा समितिले स्वीकृति लिन आग्रह गरेको हो ।

समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले सोमवार विज्ञप्ति प्रकाशित गरी सबै प्रकारका पात्रो र भित्तेपात्रो प्रकाशन गर्नुपूर्व स्वीकृतिका लागि निवेदन दिन अनुरोध गरेका हुन् । राजधानी बाहिर रहेकाले स्वीकृतिका लागि अनलाइनबाट नै स्वीकृतिको निवेदन दिन सकिने समितिले जनाएको छ । यस्ता पात्रो र भित्तेपात्रोलाई अनलाइनबाट नै स्वीकृति दिने व्यवस्था समितिले मिलाएको छ ।

आगामी वर्षका लागि प्रकाशित गरिने पात्रो र भित्तेपात्रोको सिरानमा समितिबाट स्वीकृत प्राप्त र समितिको चलानी नं. समेत उल्लेख गर्न पनि समितिले सरोकार भएका सबैको ध्यानाकर्षण गराएको छ । स्वीकृति नलिई प्रकाशन भएका पात्रो र भित्तेपात्रोलाई कानूनबमोजिम कारबाही गरिने भएको छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालयका प्रतिनिधिसहित सरोकार भएका निकायका अधिकारी सदस्य रहेको अनुगमन समिति गठन गरिएको छ । यसका लागि मन्त्रालयले अनुगमन निर्देशिका नै तयार पारेको छ ।

समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी प्रदेश, जिल्ला एवम् ठूला शहरमा अनुगमन गरिने जनाएको छ । अनुगमनका लागि प्रदेश र स्थानीय तहका प्रतिनिधिलाई पनि सहभागी गराइने समितिले जनाएको छ ।

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

अक्षरारम्भ !
अक्षरारम्भ !
अक्षरारम्भ !

यही **माघ १२ गते बिहीबार** बसन्त पञ्चमी (सरस्वती पूजा) का दिन यस बाल्मीकि एजुकेशन फाउण्डेशनले साना नानीहरुलाई **अक्षरारम्भ** गराउने भएकोले इच्छुक अभिभावकज्यूहरुले आफ्ना नानीहरुलाई निम्न समयमा उपस्थित गराई सरस्वतीको आशीर्वादसहित अक्षरारम्भ गराउनुहुन हार्दिक अनुरोध गर्दछु ।

समयः बिहान ९:३० बजेदेखि दिउँसो १:०० बजेसम्म ।

स्थानः **बाल्मीकि एजुकेशन फाउण्डेशन**, बिर्तामोड-१

सम्पर्क नं. : ०२३-५४०१९५/५४२८२०

– प्रिन्सिपल

१४ किलोमिटर सडक तारबार

बनियानी, माघ ५। झापामा जङ्गली हात्ती नियन्त्रणका लागि दुई क्षेत्रमा विद्युतीय तारबार (सोलार फेन्सिङ) को काम भइरहेको छ ।

झापाको मेचीनगरस्थित चारआली वन क्षेत्रमा छ किलोमिटर र मागुरमाडी सामुदायिक वन क्षेत्रमा नौ किलोमिटर गरी १५ किलोमिटर विद्युतीय तारबारको काम भइरहेको राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले जानकारी दिए ।

त्यसमध्ये चारआली वन क्षेत्रको छ किलोमिटर विद्युतीय तारबारको काम सकिएको छ । दुवै वन क्षेत्रमा आगामी चैतसम्म काम सम्पन्न गर्ने गरी ठेकेदार कम्पनीसँग सम्झौता गरिएको छ । भ्याटबाहेक रू. दुई करोड ३५ लाख १५ हजारको लागतमा दुई वटा वनमा विद्युतीय तारबारको काम भइरहेको हो । नेपाल सरकारको लगानीमा प्रकृति संरक्षण कोषमार्फत काम भइरहेको प्रमुख गौतमले बताए । यहाँ जडान गरिएको 'अफसेट' सोलार प्यानलको विद्युतीय तारबार हूलमा आउने हात्ती नियणन्त्रका लागि प्रभावकारी हुने उनको भनाइ छ ।

हात्तीको मनोविज्ञानलाई अध्ययन गरी यो प्रविधि निर्माण गरिएको छ, बाहुनडाँगीमा जडान गरिएको यही प्रविधि हो- उनले भने- त्यहाँ ६/७ वर्ष राम्रो काम गऱ्यो, हूलमा आउने हात्ती नियन्त्रणका लागि झापामा यो सफल मोडल मानिन्छ ।

हात्ती संरक्षणसँगै मानव बस्ती जोगाउने उद्देश्यले विद्युतीय तारबार निर्माण गरिएको हो । झापा, मोरङ र सुनसरीमा हात्ती नियन्त्रणका लागि काम भइरहेको प्रमुख गौतमले जानकारी दिए । टुक्रा-टुक्रामा सोलार फेन्सिङको काम हुँदा हात्ती नियन्त्रणको काम प्रभावकारी हुन सकेको छैन । जलथलदेखि चुरेसम्म एकै पटक सोलार फेन्सिङको काम हुन सके प्रभावकारी हुने प्रमुख गौतम बताउँछन् । वनसँगै बीच-बीचमा रहेको बस्ती चुनौतिका रूपमा रहेको छ- उनले भने- त्यसले मानव-हात्ती द्वन्द्व न्यूनीकरण हुन सकेको छैन ।

झापा, मोरङ र सुनसरीमा बर्षेनि पाँच/छवटा हात्ती करेन्ट लागेर मर्ने गरेका छन् । त्यसमा पनि झापामा हात्तीको मृत्यु सङ्ख्या धेरै छ । पछिल्लो समय झापामा तीन वटा हात्तीको मृत्यु भएको छ । हात्तीलाई ठूलो क्षेत्रफल र धेरै आहार चाहिने तर यहाँका वनमा पर्याप्त आहारा नहुँदा बस्ती पस्ने गरेका छन् । त्यसका कारण जनधनको

(बाँकी अन्तिम पृष्ठमा)

समयमै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन निर्देशन

काठमाडौं, माघ ५। राष्ट्रियसभा दीगो विकास तथा सुशासन समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई आगामी शैक्षिक सत्रमा समयमै सबै विद्यालय र विद्यार्थीलाई पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितता गर्न निर्देशन दिएको छ।

समितिको सोमवारको बैठकमा शिक्षामन्त्री र मन्त्रालयका पदाधिकारीसँगको छलफलपछि सभापति प्रकाश पन्थले आगामी शैक्षिक सत्रमा समयमै सबै विद्यालय र विद्यार्थीका हातमा पुस्तक पुऱ्याउन शिक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराए। यसअघि बैठकमा मन्त्रालयका पदाधिकारीले पाठ्यपुस्तक छपाइसम्बन्धी कार्ययोजना प्रस्तुत गर्दै आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तकको अभाव हुन नदिने प्रतिबद्धता जनाए। बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनालले निर्णय कार्यान्वयन नभइ विद्यार्थी अन्यायमा पर्ने अवस्था हुन नदिनेमा मन्त्रालय सजग र सचेत रहने विश्वास व्यक्त गरे।

संसद् र संसदीय समितिका सुझाव, ध्यानाकर्षण र निर्देशनका आधारमा सहकार्य गर्दै समयमै पाठ्यक्रम पुऱ्याउने विषयमा खरोरूपमा उत्रने छौं- सचिव रामकृष्ण सुवेदीले भने। उनले पाठ्यपुस्तक छपाइका लागि आवश्यक जनशक्ति र उपकरण सहज भए पनि सार्वजनिक खरिद प्रक्रियालगायतका कारण कागज खरिदमा समस्या उत्पन्न हुँदै आएको बताए।

आगामी शैक्षिक सत्रका लागि देशभर रहेका कक्षा १देखि कक्षा ३ सम्म रंगीन ठूलो आकार, कक्षा चारदेखि कक्षा १० सम्म चार रङ्गमा पाठ्यक्रम छपाइ भइरहेको जानकारी दिइयो। कक्षा नौ र १० का ऐच्छिक विषय तथा कक्षा ११ र १२का पाठ्यपुस्तक श्वामश्वेत छपाइ गरी वितरण गर्ने योजना रहेको समितिलाई जानकारी गराइयो। आगामी शैक्षिक सत्र २०८० का लागि आवश्यक पर्छ। जसमा करिब दुई करोड ४० लाख थान पुस्तकमध्ये करिब ५० लाख छपाइ मौज्दात छ। बाँकी एक करोड ६७ लाख पुस्तकका लागि दैनिक दुई लाख ५० हजारका दरले छपाइ गर्न दैनिक २० घण्टामा मेसिन सञ्चालन गर्ने कार्ययोजना प्रस्तुत गरियो।

बैठकमा सदस्यहरूले विगतका सोच र सार्वजनिक खरिद ऐनमा मात्र नभइ समयमै विद्यार्थीका हातमा पुस्तक पुऱ्याउन जनशक्ति, बजेट र नीतिमा के सुधार गर्नुपर्ने हो त्यसका लागि राज्य समयमै तयार हुनुपर्नेमा जोड दिएका थिए।

बैठकमा समिति सदस्य शारदादेवी भट्टले किसानलाई मल र विद्यार्थीलाई पुस्तक अभाव भइरहँदा देशले विकास र समृद्धिका सपना पूरा गर्न नसक्ने बताइन्। त्यस्तै सदस्य कमलादेवी पन्तले मुलुकमा दुई खाले शिक्षा रहुञ्जेल संविधानको मर्म र भावना विपरीत हुने धारणा राखेकी थिइन्।

युनिकम झापाको अध्यक्षमा भट्टराई

झापा, माघ ५। नेपाल व्यापार कर्मचारी संघ (युनिकम) झापाको पाँचौं अधिवेशन धार्मिक तथा पर्यटकीय स्थल दोमुखामा सम्पन्न भएको छ। अधिवेशनले झापा जिल्ला समिति र बिर्तामोड नगर समितिको चयन गरेको छ।

दोमुखामा सोमवार सम्पन्न अधिवेशनले झापा जिल्ला अध्यक्षमा अम्बिका भट्टराईलाई चयन गरेको छ। समितिको उपाध्यक्षमा डम्बर थापा, सचिवमा अर्पणा सापकोटा, सहसचिवमा बिमल कट्टेल र कोषाध्यक्षमा गंगा भट्टराई सर्वसम्मत चयन भएका छन्। त्यस्तै सदस्यमा श्यामप्रसाद पौडेल, लक्ष्मी पौडेल, राकेश कर्ण र हेम राजवंशी रहेका छन्।

अधिवेशनले बिर्तामोड नगर अध्यक्षमा खगेन्द्र राईलाई चयन गरेको छ। समितिको उपाध्यक्षमा कविता पाण्डे, सचिवमा नीता कटुवाल, सह-सचिवमा मेलिना मित्र र कोषाध्यक्षमा सुवास भट्टराई सर्वसम्मत चयन भएका छन्। त्यसैगरी सदस्यमा जानुका ढकाल, मानबहादुर भण्डारी, रोहिनी मण्डल र मानबहादुर महत सर्वसम्मत चयन भएका निर्वाचन समितिका संयोजक केशव भट्टराईले जानकारी दिए।

युनिकमका केन्द्रिय अध्यक्ष गजेन्द्रबहादुर पौडेलको

अध्यक्षतामा भएको पाँचौं अधिवेशनको उद्घाटन कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं. १का अध्यक्ष टीकाराज ढकालको प्रमुख आतिथ्य रहेको थियो। स्वागत युनिकमका अर्गानाइजर हिसिल लामाले गरेको कार्यक्रममा प्रमुख अतिथि ढकाल, बिशिष्ठ अतिथि नेपाल ट्रेड युनियनका यज्ञप्रताप अधिकारी, उद्योग संघ झापाका अध्यक्ष यामबहादुर श्रेष्ठ, श्रम कार्यालय प्रमुख दुर्गा आचार्य, अर्जुनधारा उद्योग बाणिज्य संघका अध्यक्ष इन्दीवर खड्कालगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा युनिकमका केन्द्रीय सदस्य श्याम खड्गी, श्रम कार्यालयका मातृका कट्टेल, चेम्बर अफ कमर्श प्रदेश १ उपाध्यक्ष सन्तोष अग्रवाल, युनिकमका अर्गानाइजर देबकुमारी थापा, अर्पणा लामालगायतको उपस्थिति रहेको थियो। उद्घाटन कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए।

भारत लाँदै गरेको सामान बरामद

भद्रपुर, माघ ५। नेपालबाट भारततर्फ लगिरहेको ५४ हजार मूल्य बराबरको सामान प्रहरीले बरामद गरेको छ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-५स्थित मेची किनार मसानघाट नजिकैबाट सो मूल्य बराबरको सामान बरामद गरेको प्रहरी कार्यालय झापाका डीएसपी बसन्त पाठकले जानकारी दिए।

प्रहरीले नेपालबाट भारततर्फ अवैध रुपमा लैजाँदै गरेको ५ हजार ४७२ मुल्य बराबरको नुहाउने साबुन १ कार्टुन, २५ हजार ९२० मूल्य बराबरको कोलगेट टुथपेस्ट दुई कार्टुन, ८ हजार ६४० मूल्य बराबरको कोलगेट टुथपेस्ट ३८ ग्रामको एक कार्टुन, १४ हजार ७५० मूल्य बराबरको हाजमोला ५ कार्टुन गरी जम्मा ५४ हजार ७८२ मूल्य बराबरको सामानहरू बरामद गरी आवश्यक कारबाहीको लागि भद्रपुर भन्सार कार्यालय झापामा बुझाइसकेको प्रहरीले जनाएको छ।

प्रमुख सचेतकमा राई

विराटनगर, माघ ५। प्रदेश नं. १ नेपाली कांग्रेस संसदीय दलको प्रमुख सचेतकमा भूपेन्द्र राई नियुक्त भएका छन्।

नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलको विधान २०७४ को दफा ११को उपदफा(१) मा व्यवस्था भएअनुसार संसदीय दलको प्रमुख सचेतकमा राई नियुक्त भएको नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापाले जानकारी दिए।

लागूऔषधसहित ६ जना पक्राउ

पथरीशनिश्चरे, माघ ५। धनकुटा र मोरङको छुट्टाछुट्टै दुई स्थानबाट ९० किलो १०० ग्राम लागूऔषध गाँजा सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

धनकुटाको साँगुरीगढी-१ उखुडाँडास्थित कोशी लोकमार्गमा प्रहरी चौकी मूलघाटबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा धनकुटाबाट धरानतर्फ आउदै गरेको को१ख २८३३ नम्बरको यात्रुबाहक बसको छाना र डिक्कीमा राखेको झोलाबाट ४० किलोग्राम गाँजा बरामद गरेको हो।

चेकजाँचकै क्रममा सोही बसमा सवार शहीदभूमि गाउँपालिका-१ धनकुटाका ३२ बर्षीय सुरज राईको साथबाट ४० ग्राम, र २२ बर्षीय सुरेश राईको साथबाट ६० ग्राम गाँजा बरामद भएको थियो। लागूऔषध गाँजा बरामद भएसँगै उक्त बस र चालक सुन्दरहरैंचा-५ मोरङका ५१ बर्षीय रुद्रबहादुर तामाङ, सहचालक शहीदभूमि-७ का ४३ बर्षीय फत्तेमान राई र चौबीसे गाउँपालिका-५ धनकुटाका २९ बर्षीय सुरेन्द्र देवान समेतलाई पक्राउ गरिएको छ। पक्राउ परेका उनीहरुको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट थप अनुसन्धान भइरहेको छ।

यसैगरी बिराटनगर-११स्थित बसपार्कबाट ५० किलोग्राम गाँजासहित धनकुटा शहीदभूमि गाउँपालिका-४का ४४ बर्षीय यज्ञप्रसाद राईलाई पनि प्रहरीले पक्राउ गरेको छ। राईले साग र तेजपत्ताको तीनवटा बोरामा गाँजा लुकाइछिपाइ ल्याएको अवस्थामा वडा प्रहरी कार्यालय बिराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

फिल्म नचल्नुको दोष के कलाकारको मात्र हो ?

नेपालमा प्रत्येक वर्ष सयको आसपासमा फिल्म बन्छन् र लगभग त्यही अनुरुपमा रिलिज हन्छन्। त्यसमध्ये आधा दर्जन फिल्मले लगानी सुरक्षित गरेर अर्को फिल्म बनाउन पैसा उठाइदिन्छन्। ४/५ वटा फिल्मले जेनतेन लगानी उठाउँछन्। बाँकी ८०/८५ वटा फिल्मले पोस्टर छपाईको पैसा पनि उठाउँदैनन्। यो विगत एक दशकयताको चित्र हो। हुन् त बलिउडमा पनि यही अवस्था छ।

यस वर्ष नेपाली फिल्मको अवस्था केही सुधारन्मुख देखिएको छ। गत बैशाखदेखि कात्तिकसम्म ३ वटा फिल्मले लगानी उठाए भने ५ वटा फिल्मले निर्मातालाई करोडपति बनाए। अबको चैतसम्म थप २/३ वटा फिल्म हिट हुनसक्ने प्रक्षेपण गरिएको छ। यसरी हेर्दा यो वर्षको विदाई सुखद् नै हुने देखिन्छ। तर, यो भनिरहँदा केही नेपाली फिल्मले बेहोरेको कहानीलाग्दो नतिजा विर्सनु हुन्न।

गत पुषमा प्रदर्शनमा आएका दुई आशातित फिल्म 'डिसेम्बर फल्स' र 'तिम्रो मेरो साथ'को व्यवसायिक नतिजाले फिल्म क्षेत्रलाई नै स्तब्ध बनाएको छ। यसको कारण हो, यी दुवै फिल्ममा नाम चलेका कलाकार थिए। प्रचार तगडा थियो। हलहरु पर्याप्त पाएका थिए। तर, हलमा यस्तो अवस्था रह्यो कि दर्शक नहुँदा कति शो क्यान्सिल भए। दुवै फिल्मको आयू हलमा मात्र एक हप्ता रह्यो।

फिल्म नचलेपछि दोष कलाकारमाथि थोपर्ने चलन छ। 'डिसेम्बर फल्स' र 'तिम्रो मेरो साथ'को हकमा पनि यही भयो। 'डिसेम्बर फल्स'मा आर्यन सिग्देल र उपासना सिंह ठकुरीको अभिनय थियो भने 'तिम्रो मेरो साथ' लाई साम्राज्ञी आरएल शाह, पुष्प खड्का र सन्दीप क्षेत्रीले काँधमा बोकेका थिए। दुवै फिल्मको एक शो पनि हाउसफुल नहुँदा कलाकारको स्टारडममाथि औंला उठेको छ।

आर्यनको स्टारडम सकिएको, उपासनासँग दर्शक तान्ने स्टारडम नभएको, साम्राज्ञीको स्टारडम खस्किएको, पुष्पको स्टारडम नै नभएको भन्ने खालका टिप्पणी भैरहेका छन्। सबैभन्दा बढी प्रहार साम्राज्ञीमाथि भएको देखिन्छ। उनले बुझ्ने पारिश्रमिकअनुरुप स्टारडम नै नभएको भन्दै मिडियाले समेत खिसिटिउरी गरिरहेको छ। तर, के फिल्म चलाउने ग्यारेन्टी सिर्फ कलाकारले गर्ने हो ?

वर्षौंदेखि चल्दै आएको बहस के हो भने फिल्म स्टारकास्टले होइन कन्टेन्टले चल्छ। कन्टेन्टमाथि नै खर्च गरिनुपर्छ। तर, एकाध मेकरबाहेकलाई कन्टेन्टभन्दा कलाकारको स्टारडममाथि भरोसा छ। अनि, दुई/चारवटा फिल्म चलेका कलाकारमाथि मोलभाउ शुरु हुन्छ। पारिश्रमिक निर्माताले नै चर्को बनाउँछन्। जब कलाकारमाथि विश्वास गरेर फिल्म बनाइन्छ भने दोष कसको हुन्छ ?

कलाकारहरु पनि आफ्नो मार्केट भ्यालू बुझ्न सक्दैनन्। फेसबुक, ट्वीटर र इन्स्टाग्रामको फलोअर्स, युट्युबमा भ्यूज र सार्वजनिक ठाउँमा जाँदा लाग्ने भीड हेरेर स्वःघोषित स्टार बन्छन्। आफूले कति पारिश्रमिक लिँदा ठीक हुन्छ भन्ने आत्ममूल्यांकन नै छैन। अर्को कलाकारभन्दा बढी पारिश्रमिक कसरी लिने, यही सोच मात्र हाबी छ। कथावस्तु, चरित्रप्रतिको बुझाई कमै कलाकारमा छ।

जबसम्म कलाकार पारिश्रमिकभन्दा माथि उठेर कामप्रति जिम्मेवार हुँदैनन् र जबसम्म मेकर कलाकारभन्दा कन्टेन्टमाथि विश्वास गर्दैनन्, तबसम्म फिल्म नचल्नुको दोष एकअर्कालाई दिएर आफू दूधले नुहाएको देखाउने होड रोकिनेवाला छैन। बलिउडले बल्ल बुझ्दैछ, स्टारभन्दा कन्टेन्टमाथिको लगानीले मात्र प्रतिफल दिन्छ। र, यो बुझाई नेपाली मेकरमा पनि अब पलाउन आवश्यक छ।

६ महिनामा ...

वैदेशिक व्यापारको आयतन समेत घटेको भन्सार विभागले जनाएको छ।

विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको ६ महिनामा वस्तु आयात २० दशमलव ६८ प्रतिशत र वस्तु निर्यात ३२ दशमलव ०१ प्रतिशतले घटेको हो। गतआर्थिक वर्षको ६ महिनाको नेपालको कूल वैदेशिक व्यापार ११ खर्ब १८ अर्ब रुपैयाँको थियो भने चालू आर्थिक वर्षको ६ महिनामा ८ खर्ब ७३ अर्ब रुपैयाँको मात्रै छ।

प्रजिअ ...

उल्लेख गरे। बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले स्वागतसहित औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सचिव कुशल खतिवडाले गरेका थिए।

क्रिकेटर ...

अनुसार काठमाडौं पठाउने तयारी गरेका छौं।'

त्यस्तै आदिललाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। उनलाई पनि काठमाडौं पठाउन लागिएको एक जना प्रहरी अधिकारीले जानकारी दिएका छन्। नेपाल टी २० लिगमा आदिल जनकपुर रोयल्सबाट खेलेका थिए। स्पट फिक्सिङको आशंका गरेपछि जनकपुरले आदिललाई खेलबाट बाहिर राखेको थियो।

नेपाल टी २० लिग चलिरहँदा स्पट फिक्सिङको आरोपमा सीआइबीले अनुसन्धान गरिरहेको थियो। सीआईबीले यसअघि नै म्याच फिक्सिङ प्रकरणमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल क्रिकेट संघ (क्यान) सँग पनि जवाफ मागेको थियो। क्यान अध्यक्ष चतुरबहादुर चन्द र पूर्व कप्तान तथा म्यानेजर बिनोद दाससँग सीआईबीले सोधपुछ गरेको थियो। अध्यक्ष चन्दले फिक्सिङबारे आवश्यक अनुसन्धान गरिदिन भन्दै सीआईबीमा निवेदन पनि दिएका थिए। सीआईबीले अन्य पदाधिकारी र खेलाडीलाई पनि सोधपुछका लागि बोलाएको थियो।

नेपाल टी २० लिग चलिरहेका बेला खेलाडीहरुले फिक्सिङका लागि प्रस्ताव आएको खुलासा गरेका थिए। क्यानले लिग सञ्चालनको जिम्मा भारतीय कम्पनी सेभेन थ्री स्पोर्टस्लाई दिएको थियो। यो कम्पनीले भारतमा बेटिङ समेत खेलाउने गरेको छ। त्रिविमा खेल सञ्चालन भइरहँदा पनि बेटिङ खेलाइरहेको अवस्थामा केही व्यक्ति पक्राउ परेका थिए। त्यसपछि खेलाडी केन्द्रित अनुसन्धान शुरु भएको हो।

१४ किलोमिटर ...

क्षति हुने गरेको छ। वन क्षेत्रमा हात्तीले मन पराउने बाँस, जङ्गली केरा, सिसौ, सिमललगायत वनस्पति लगाए हात्ती नियन्त्रणमा टेवा मिल्ने प्रमुख गौतमले बताए। सामुदायिक वनसँगको सहकार्यमा जलथल र मागुरमाडी वनमा हात्तीले मन पराउने वनस्पति लगाउन थालिएको प्रमुख गौतमले बताए।

श्रीमतीलाई ...

चौकी मंगलबारेका इञ्चार्ज देवनारायण यादवले जानकारी दिए। घाइते दुवै मंगलबारेस्थित मदन भण्डारी अस्पताल एण्ड ट्रमा सेन्टरमा उपचार पश्चात घर फर्किएको प्रहरीले जनाएको छ।

बिँड प्रहार गर्ने राईलाई भने प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। चन्द्रबहादुर सो घरमा बेला बखत घाँसदाउरा र मेलापात गर्न आउने गरेको र घटनामा संलग्न तीन जनाले मादकपदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ।

भूलसुधार

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको मिति २०७९।१०।०४ गते प्रकाशित औषधि खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचनामा दरभाउपत्र खरिद गर्ने मिति २०७९।१०।१८ र दरभाउपत्र दाखिला गर्ने मिति २०७९।१०।१९ गते हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

VACANCY ANNOUNCEMENT

We are seeking for the below mentioned subject teachers to fulfill the vacant posts as soon as possible.

S.No.	Level	Category/Faculty	No of Posts	Qualification
1	Secondary	Science/ Mathematics	1	B.Sc.

Interested candidates who are Nepali citizens are requested to apply within a week of publication of this advertisement. Only short listed candidates will be called for interview and demo classes personally.

Principal
Unique English Boarding School
Mechinagar-12, Dhaijan Saharedangi
For further information
contact: 9852671757/ 9814962605/9814934118

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/१०)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलको शाखावाट उपभोग गरेको तपसिल बमोजिम कर्जाको ऋणको सांवा र ब्याज वा किस्ताको रकम नियमित नबुझाईलामो समयदेखि बक्यौता रही रहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफ्ले लिएको कर्जाको तिर्न बांकी सांवा, सोमा लागेको ब्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन-२०५८ र सोको नियमावली २०५९ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सबै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरणसहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. हायर पर्चेज कर्जा** **ऋणी को नाम/ठेगाना :** **श्री ह्यापी ल्याण्ड फन पार्क एण्ड रिसोर्ट प्रा.लि** **(प्रो./शेयरधनी : दिनेश शिवाकोटी र मनोज शिवाकोटी)**, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयको द.नं. १८५२९४/०७४/०७५, मिति २०७४/११/२५ र आन्तरिक राजश्व कार्यालय, झापामा स्थायी पान नं.६०६७६२५४८ अन्तर्गत मिति २०७४/११/२७मा दर्ता भई कन्काई न.पा. वडा नं ०२, झापामा सञ्चालनमा रहेको। **शेयरधनी /जमानीकर्ता :** नाम : दिनेश शिवाकोटी बाबुको नाम : हरि प्रसाद शिवाकोटी बाजेको नाम : कुश्माखर शिवाकोटी कन्काई न.पा.-०३, सुरुङ्गा, झापा। ना.प्र.नं : ७६१५९२९० जारी मिति : २०५२/११/०६ जारी गर्ने कार्यालय: जि.प्र.का.झापा। **शेयरधनी /जमानीकर्ता :** नाम : मनोज शिवाकोटी बाबुको नाम : राम प्रसाद शिवाकोटी बाजेको नाम : हरि प्रसाद शिवाकोटी कन्काई न.पा.-०३, सुरुङ्गा, झापा। ना.प्र.नं : ९१५२२५७४ जारी मिति : २०६०/०७/१२ जारी गर्ने कार्यालय : जि.प्र.का. झापा। **जमानतकर्ता:** नाम : कमला गौतम बाबुको नाम :चुडामणि गौतम पतिको नाम: मनोज शिवाकोटी कन्काई न.पा.-०३, सुरुङ्गा,झापा। ना.प्र.नं.: ०४-०१-७०-२०१८६ जारी मिति/स्थानः २०७०/०७/०३, झापा।	क) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता रहेको श्री दिनेश शिवाकोटी र श्री मनोज शिवाकोटीको संयुक्त स्वामित्व भएको कि.नं. ७२६३ क्षेत्रफल ०-४-६.२५-० सुरुङ्गा-०५,झापा स्थित जग्गा मालपोत कार्यालय भद्रपुरमा दुष्टिबन्धक पास भएको। ख) बाग्मती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता रहेको बा.२१ च ८२५० नम्बरको HYUNDAI CRETA, Engine No. G4FGKU119077, Chasis No. MALC381CLKM566368*D समेत बैंकको नाममा पास। ग. बाग्मती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता रहेको बा.२१ च ५६८३ नम्बरको KIA ESPORTAGE, Engine No.G4NAJH040453,Chasis No.KNAPM81ALK7586738 समेत बैंकको नाममा पास। **जमानतकर्ता:** नाम : गोमा शिवाकोटी बाबुको नाम : तुलसीराम सापकोटा पतिको नाम: दिनेश शिवाकोटी कन्काई न.पा.-०३, सुरुङ्गा, झापा। ना.प्र.नं.: ०४१०३१/१२५७ जारी मिति/स्थान : २०६६/०३/१७, झापा

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यवहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वञ्चल

सम्पादकीय

दिवसलाई सार्थक बनाऊ

संयुक्त राष्ट्रसंघको महासभाले २४ जनवरीको दिनलाई अन्तर्राष्ट्रिय शिक्षा दिवसको रुपमा मनाउन घोषणाको थियो । शिक्षा आधारभूत मावन अधिकार मात्र नभई सार्वजनिक हित र दायित्व पनि हो । यसैलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघको महासभाले शान्ति र विकासका लागि शिक्षाको भुमिकालाई पर्वका रुपमा मनाउन आह्वान गरे अनुरुप प्रत्येक वर्ष २४ जनवरीलाई अन्तर्राष्ट्रिय शिक्षा दिवसका रुपमा मनाउन थालिएको हो । शिक्षा समग्र विकासको मूल आधार हो यो विश्व समाजले आत्मसात गरेको सत्य हो । त्यसैले शिक्षा सबैको पहुँचमा पुऱ्याउन, सर्वसुलभ गर्न र समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा प्राप्त गरी पछौटेपन र गरिबीको चक्रलाई तोड्न सबैले अग्रसर हुनुपर्छ । त्यही चेतना सञ्चार गर्दै विद्यालय जानबाट वञ्चित बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार हनन भइरहेको छ ।

आज पनि विश्वमा विद्यालय जाने उमेर समूहका लाखौं बालबालिका निरक्षर छन् । विश्वका धेरै देशहरु गुणस्तरीय, सिपयुक्त, व्यवसायमुखी शिक्षाको माध्यमबाट उन्नत देशमा पुगिसकेका छन् । शिक्षाको त्यही महत्व र अनिवार्यतालाई मनन गरी हाम्रो देशमा पनि शिक्षा दिवस विभिन्न चेतनामूलक कार्यक्रमको आयोजना गरी मनाइने गरेको थियो । त्यसै अनुसार कोही पनि बालबालिका कुनै पनि नाममा विद्यालयीय शिक्षाबाट वञ्चित नहोउन् भन्ने उद्देश्यले विशेष अभियानहरु सञ्चालन गरिएका थिए । नेपालमा अड्चालीस वर्षअघि अर्थात् वि.सं. २०३१ सालदेखि शिक्षा दिवस मनाउन थालिएको हो । त्यसबीचमा लाखौं विद्यार्थी, तिनका अभिभावक, शिक्षा सम्बद्ध व्यक्ति तथा संस्थाहरुको सर्वाधिक ठूलो उत्सवका रुपमा मान्न थालिएको यो पर्व अहिले औपचारिकतामा सिमित हुन थालेको छ ।

शिक्षा क्षेत्रमा गरेको लगानीको प्रतिफल तत्काल प्राप्त गर्न सकिँदैन । त्यसैले शिक्षा क्षेत्रमाथिको लगानी व्यापारिक दृष्टिले होइन सेवा त्यो पनि समाज तथा राष्ट्रिय स्वार्थका लागि गरिनुपर्दछ । शिक्षालाई राजनीतिक दाउपेचको दुष्पक्रबाट मुक्त गर्नुपर्दछ । हामीकहाँ अहिले राजनीतिबाट अछुतो कुनै क्षेत्र नै छैन । अझ शिक्षा, शिक्षालय, शिक्षण संस्था, शिक्षक तथा सम्बद्ध क्षेत्र राजनीतिको अभ्यासको थलो बनिएको छ । यस्तोमा दिवस मात्र मनाएर शिक्षा क्षेत्रमा विद्यमान असंख्यपूर्ण अवस्थाको अन्त्य हुनसक्ने छैन । त्यसैले यो दिवसको सार्थकता खोज्ने हो भने शिक्षालाई राजनीतिबाट तटस्थ राख्नुपर्छ । त्यसका लागि राजनीतिको मूलमा बस्नेहरुको विचार, व्यवहार र मानसिकतामा नै परिवर्तन आउनुपर्छ । अन्यथा यस्ता दिवसको कुनै सान्दर्भिकता रहने छैन ।

शिक्षामा गुणस्तर अभिवृद्धि

डा. शान्तिराम अधिकारी

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ दलका नयाँ राजनीतिक व्यक्तित्व शिशिर खनाललाई मन्त्रीका रूपमा पाएको छ। खराब राजनीति, भ्रष्टाचार र गलत आचरणको कुनै पनि गन्ध नआएका व्यक्तिले शिक्षा जस्तो अति संवेदनशील मानिएको मन्त्रालयको जिम्मेवारी पाउनुलाई सुखद् नै मान्नुपर्छ। साथसाथै राजकीय पदका लागि साह्रै नै नौलो व्यक्तित्वले पदको गरिमा धान्दै मन्त्रालयका पुराना जडलाई सही बाटोमा हिँडाउन त्यति सहज पनि मानिन्न।

चाकडी, चाप्लुसी र तिकडमले जेलिएको राज्यसत्ताको प्रवृत्तिमा नवनियुक्त शिक्षामन्त्री नौला भए पनि शिक्षा क्षेत्रका समस्यामा पुरानो अनुभव छ। टिच फर नेपालका माध्यमबाट मुलुकको शिक्षामा जोडिएका शिक्षा मन्त्रीको इच्छाशक्ति हुने हो भने समस्यै समस्याको चाँगमा अडिएको नेपालको शिक्षामा केही परिवर्तन ल्याउन त्यति कठिन पनि छैन। गैरसरकारी संस्थाका सञ्चालक भएर पर्याप्त अनुभव बटुलेका मन्त्रीलाई नेपालको प्रशासनिक जटिलताका बारेमा पूर्णतः जानकारी नभएको पनि होइन। त्यसैले सरकारी काम कहिले जाला घाम भन्ने प्रवृत्तिलाई चिर्दै नयाँ आयाम दिन शिक्षा मन्त्री सफल हुने विश्वास यो क्षेत्रमा सम्बद्धले गरेका छन्।

खनाल पहिलो शिक्षामन्त्री होइनन्। यसभन्दा अघिका शिक्षामन्त्रीले पनि पदबहाली गर्दा उत्साहप्रद कुरा गर्ने र पछि गएर कार्यान्वयनका हिसाबले निराशामा बदल्ने गरेको इतिहास सबैका अगाडि छ। वि.सं. २०२८ को शिक्षा नीतिमा आजसम्म पनि गणतान्त्रिक सङ्घीयतासँग मिल्दोजुल्दो संशोधन गर्न नसक्नु सबैको असफलता मानिएको छ। त्यसबाहेकका जल्दाबल्दा समस्याको बारेमा त कुरै गर्न परेन। सम्पूर्ण नेपाली आजसम्म पनि साक्षर हुन नसकेको वर्तमानले विगतमा गठन भएका सरकार र शिक्षा मन्त्रीलाई गिज्याइरहेकै छ।

अरू मन्त्रीले जस्तो खनालले व्यापक सुधार गर्छु भनेर बोलेका छैनन्। अनावश्यक निर्देशनको भारी कर्मचारीलाई बोकाएका छैनन्। सात दिनभित्रमा कार्ययोजना ल्याउने प्रतिबद्धता जाहेर गरेका छन्। युवा जोश र विज्ञता भएका मन्त्रीले नबोली नबोली केही गर्छन् कि भन्ने आशा पलाएको छ। कोही मन्त्री बोलेर नगर्ने हुन्छन् भने कोही मन्त्री बोल्नभन्दा काम गर्न रुचाउँछन्। आफ्ना अन्धा बाबु-आमालाई झोलुङ्गामा बोकेर तीर्थयात्रा गराउने श्रवणकुमारको कथा पढाउन छाडेको जुग भइसकेको छ। मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव जस्ता कुरा पाठ्यक्रमबाट हटाएका कारण सन्ततिको आमा-बाबुप्रतिको सम्मान हराउँदै गएको अनुभव सबैलाई छँदैछ।

स्थानीय तहका सरकारको जिम्मामा रहेको विद्यालय शिक्षामा अझै पनि केन्द्रीय सरकारकै हस्तक्षेप कायम रहेको देखिन्छ। स्थानीय तहले आफ्ना क्षेत्रमा बाहुल्य रहेको भाषाभाषीको लिपि, भाषा र संस्कृतिलाई जगेर्ना गर्ने किसिमको पाठ्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने हो तर त्यस्तो भएको पाइँदैन। नेपालमा परम्परागत रूपमा रहेका सबै भाषा, संस्कृति, धर्म र परम्पराको संरक्षण एवम् सम्वर्द्धन भए मात्रै मुलुक समृद्ध हुनसक्छ। नेपालका मौलिक धर्म, संस्कृति र परम्परामा विकृति ल्याई आयातित धर्म संस्कृतिको जगेर्नामा तल्लीन भएकाहरूको हस्तक्षेप शिक्षाका माध्यमबाट रोक्न सक्नुपर्ने चुनौति छँदैछ।

सुधारको कुरा गर्दा जहिले पनि स्रोतलाई जोड्ने गरिन्छ। नेपालमा साधनस्रोतको सीमितता भएका कारण चाहेको प्रगति गर्न सकिएन भन्ने भनाइ प्रायः मन्त्रीबाट सुन्ने गरिन्छ। स्रोतको पर्याप्तता मात्रै विकासका लागि पर्याप्त आधार भने पक्कै होइन। निर्णयकर्ता, योजनाविद् र कार्यान्वयन कर्ताको आत्मैदेखिको चाहना भएमा उपलब्ध स्रोतसाधनकै परिचालनबाट पनि धेरै गर्न सकिन्छ। उपलब्ध स्रोतसाधनको उपयुक्त परिचालन हुन नसकेर नेपाली जनताको धेरै पुँजी, परिश्रम, पसिना र समय खेर गएका धेरै उदाहरण छन्। त्यसैले शिक्षा मन्त्रालयले पाउने बजेटबाटै नेपालको शिक्षा क्षेत्रमा व्यापक परिवर्तन गर्न सम्भव छ तर यसमा खरो उत्रन सक्ने मन्त्रीको हिम्मत हुन्छ कि हुँदैन भन्ने मात्रै अहम् प्रश्न हो।

यसअघिका प्रायः शिक्षा मन्त्री विद्यालय हेर्ने मन्त्रीजस्ता मात्रै भएर बिदा भएका प्रशस्त उदाहरण छन्। माध्यमिक तहसम्मको शिक्षा मात्रै शिक्षा मन्त्रीको जिम्मेवारी हो र विश्वविद्यालय तथा उच्चशिक्षाका अन्य संस्था यो मन्त्रालयभन्दा बाहिरका संस्थाका रूपमा रहेजस्तै देखिन्थ्यो। त्यही विद्यालय क्षेत्रमा पनि किं कर्तव्य विमूढ भएर मन्त्रीहरू मन्त्रालय जाने, बैठक गर्ने, भत्ता बुझ्ने र गाडी चढ्नेजस्ता कुरामा मात्रै सीमित रहेको भान पर्ने गरेको थियो। यसबाट माथि उठेर शिक्षा क्षेत्रका मूल समस्या के हुन् र ती समस्याको समाधान के हुन सक्छ भनी पहिल्याउनु र निष्कर्षमा पुऱ्याउन सकेमा नै मन्त्रीको सफलता ठहर्छ।

आजसम्म कुनै पनि वर्षमा नयाँ शैक्षिक शत्र आरम्भ हुँदा बैशाखमै विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गर्न सकेका छैनन्। बैशाखदेखि शुरु भएको पढाइका लागि कात्तिकसम्ममा पनि विद्यार्थीको हातमा किताब पर्ने गरेको छैन जब कि त्यही किताब छाप्न भनेर जनक शिक्षा सामग्री केन्द्र नामको संस्था स्थापना गरिएको छ। पैसा नभएर किताब नछापिएको पनि होइन। बैशाखअघि नै किताब छापेर विद्यार्थीका हात-हातमा पुऱ्याउँदाभन्दा कात्तिक मंसीरतिर छाप्दा झन् महँगो पर्न जान्छ। त्यसैले स्रोतको अभाव होइन कि स्रोतको दुरुपयोग हुने गरेको छ भन्न सकिन्छ र पनि यसमा आजसम्मका कुनै पनि मन्त्रीको चासो किन नबढेको होला भन्ने प्रश्न सधैं नै उब्जिने गरेको छ।

चुनावका लागि चाहिने मतपत्र लगायतका सामग्री एक महिनाभित्रै छापेर त्यही संस्थाले दिन सक्छ। तर, पाठ्यपुस्तक छाप्न किन सक्दैन भन्ने जिज्ञासा आमनागरिकको छ। अझै पनि वैशाख लाग्न तीन महिना बाँकी छ। यो अवधिमा शिक्षा मन्त्रीले चासो लिएर यही एउटा समस्या समाधान गर्न सके भने पनि ठूलै उपलब्धि हासिल हुन सक्छ।

विद्यालय र विश्वविद्यालयको सु-सञ्चालन शिक्षा मन्त्रीको जिम्मेवारीमा पर्छ। शिक्षक राजनीतिमा संलग्न भएर पढाउन नजाने, खेताला शिक्षक राखेर पेन्सन पकाउने, दुर्गमतिरका विद्यालयका शिक्षकले आफूलाई अप टु डेट गर्न नपाउने जस्ता समस्या उहिल्यैदेखिका हुन् र अहिले पनि विद्यालयले यसबाट मुक्ति पाउन सकेका छैनन्। अनुगमन र नियमनका माध्यमबाट शिक्षक दैनिक स्कूल गएर विद्यार्थीलाई पढाउने कार्य मात्रै नियमित हुन सके पनि विद्यालयका उत्पादनमा गुणस्तर वृद्धिको गन्ध पाउन सकिने थियो। तर, यस्ता जमेर बसेका विकृतिमा नयाँ अनुहारका मन्त्रीबाट सुधार हुन सक्ला र भनी शङ्का गरिएको छ। यसलाई चिर्न सक्नुमा नै मन्त्रीको सफलता अडिएको छ।

विश्वविद्यालय त्यस्तै विकृतिको जड बन्न पुगेका छन्। भागबण्डाको राजनीतिले विश्वविद्यालयलाई आक्रान्त बनाएको छ। उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारमा तीन वटा दलका एक-एक जना नियुक्त हुने र त्यहाँका अन्य पदमा नियुक्ति गर्दा तिनै पदाधिकारीका बीच लडाइँ हुने प्रवृत्तिले नेपालको उच्चशिक्षा धरासायी हुँदै गएको छ। एउटै दलबाट उपकुलपति र रजिष्ट्रार आएका छन् भने पनि त्यही दलभित्रको गुट उपगुटका आधारमा झगडा सिर्जना गरी विश्वविद्यालयलाई नै तहस-नहस बनाइँदै आइएको छ। यस्ता विकृतिको अन्त्यका लागि प्रधानमन्त्रीसँग ठाडो कुरा गरी भागबण्डाको अन्त्य गर्दै नियमसङ्गत तरिकाले वरिष्ठता र प्राज्ञिक क्षमताका आधारमा विश्वविद्यालयका पदमा नियुक्तिको परम्परा आरम्भ गर्न शिक्षा मन्त्रीले सक्नै पर्छ।

दलीयकरण गर्ने उद्देश्यले नै विश्वविद्यालयका अति आवश्यक पदाधिकारीको पद रिक्त भएको वर्ष दिनसम्म पनि खाली नै छाड्ने गरिएको छ। त्रिभुवन विश्वविद्यालयको सेवा आयोग राजनीतिक दलका बीचमा सामञ्जस्य हुन नसक्दा वर्ष दिनदेखि खाली छ भने खुला विश्वविद्यालयमा उपकुलपति र रजिष्ट्रारका बीचमा कुरा नमिल्दा डीनको नियुक्ति हुन सकेको छैन। अन्य विश्वविद्यालयमा पनि यस्तै अवस्था बेला-बेलामा आउने गरेको छ।

विद्यालय जान नपाएका बालबालिकाका समस्या पत्ता लगाएर तिनीहरूका निमित्त उपयुक्त वातावरण निर्माण गर्नुपर्ने चुनौति त ठूलै छ। निःशुल्क विद्यालय, निःशुल्क पोसाक, निःशुल्क खाजा जस्ता कुराले मात्रै सबै बालबालिका विद्यालय जान सक्षम हुँदैनन्। तिनका अभिभावकका रोजीरोटीका समस्याले पनि थुप्रै बालबालिकालाई विद्यालयको पहुँचबाट टाढा राख्ने गरेको छ। यसमा शिक्षा मन्त्रालय एक्लैको प्रयासबाट त सम्भव हुँदैन र पनि उचित वातावरण तयार गर्नका लागि शिक्षामन्त्रीले पहल गर्नैपर्छ।

विगतका कतिपय मन्त्रीको ध्यान सामुदायिक विद्यालयको हितभन्दा पनि निजी विद्यालयका हितमा केन्द्रित रहे। दुर्गमका विपन्न विद्यार्थीका लागि अवसर निर्माणभन्दा पनि सहरका सम्पन्न विद्यार्थीको सुविधा वृद्धिमा मन्त्रीहरूका नजर परे। मुलुकका समस्त नागरिक शिक्षित नभएसम्म मुलुकको विकासको कल्पना गर्न पनि सकिन्न र पनि नेपालका कतिपय भू-भागका बालबालिका अहिलेको अवस्थामा समेत विद्यालय पढ्न जान घण्टौं हिँड्नुपर्ने अवस्था छ। खोलामा बाढी आएका बेलामा बाढीमा हेलिँदै खोला तरेर विद्यालय जाँदा कतिपय विद्यार्थीले ज्यान गुमाउने गरेको कुनै नौलो समाचार होइन।

शिक्षा मन्त्रालय यस्तै यस्तै कारणले ठूला दलका ठूला नेताहरूले सित्तिमिति समाल्ने आँट गर्दैनन्। पुरानो शिक्षा नीतिलाई समयानुकूल बनाउन कतिपय मन्त्रीले प्रयास गरे तर सकेनन्। यही अवस्थामा आएका नयाँ शिक्षामन्त्रीले पदमा जति दिन टिके टिकौंला तर केही न केही गरेरै छाडेछु भन्ने कसम खाएर काम गर्नुपर्ने अवस्था छ। दलीय सिफारिसका दलीय विज्ञभन्दा पनि शिक्षा क्षेत्रका वास्तविक विज्ञहरूको पहिचान गरी विज्ञ समूहको सरसल्लाह बमोजिम चल्ने आँट मन्त्रीले देखाउनु पर्नेछ। सबै समस्या एकै पटक समाधान हुन्छ भन्ने कसैले पनि सोचेका हुँदैनन्। यस्ता समस्यामध्ये मूल मानिएको कुनै एकमा मात्रै भए पनि सुधार गर्न सकेमा मन्त्रीको सफलता मान्नुपर्छ। *गोप*

'पत्रकार अध्ययनशील हुनुपर्छ'

रत्नबहादुर बस्नेत

एकजना प्रशिद्ध विद्वानले भनेका छन्- राम्रो पत्रकार बन्ने सबैभन्दा उत्तम सूत्र हो- अध्ययन, अध्ययन र अध्ययन। समाजमा कुनै जानकारी वा सूचनाको प्रसङ्ग आएमा त्यसबारे पत्रकारप्रति अपेक्षा राख्ने प्रचलन छ। पत्रकार सबै विषयका जानकार हुने मान्यताका कारण पनि पत्रकारप्रति यस्तो अपेक्षा राख्ने गरिएको पाइएको हो।

उपरोक्त तथ्यबाट के स्पष्ट हुन्छ भने एउटा योग्य पत्रकार कसरी बन्न सकिन्छ भन्ने जिज्ञासा राख्ने जो कोहीले सर्वप्रथम अध्ययन गर्नुपर्छ। त्यस्तै विज्ञहरुले एउटा पत्रकारमा सम्बन्धित विषयक्षेत्रको गहन र बृहत् ज्ञानको जरुरत हुने बताएका छन्। अझ एउटा पत्रकारमा २० प्रकारका विषय विशेषज्ञ बराबर जानकारी वा ज्ञान आवश्यक छ भन्ने गरिएको समेत छ। यसरी पत्रकारमा हुनुपर्ने सबैभन्दा ठूलो तथा पहिलो गुण अध्ययनशील स्वभाव नै हो भन्न सकिन्छ। अर्थात् एउटा कुशल, असल र दक्ष पत्रकार बन्न सदा अध्ययनशील हुनुपर्ने स्पष्ट हुन्छ।

यसैतर्फ मार्गदर्शन तथा प्रेरित गर्ने उद्देश्यका साथ केही दिनअघि झापामा जिल्लाका पत्रकारिता क्षेत्रका नव प्रवेशी तथा क्रियाशील सञ्चारकर्मीहरु बीच एक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कुनै पनि क्षेत्रमा दक्ष, निपुण, योग्य बन्न तत् सम्बन्धी ज्ञान, सीप हासिल गर्न सम्बन्धित विषय वा क्षेत्रका अनुभव प्राप्त विज्ञ, ज्ञाताको शिक्षा वा प्रशिक्षण महत्वपूर्ण मार्गदर्शन र प्रेरणाको स्रोतको रुपमा रहन्छ। कुनै पनि क्षेत्रमा सफल बन्न निष्ठा, रुची, इच्छाशक्ति अनिवार्य छ भने ठोस उपलब्धि प्राप्त गर्न विधिविधान (विधिपूर्वक)को पालना अपरिहार्य छ। अर्थात् कुनै पनि क्षेत्रको ज्ञान, सीप, दक्षता हासिल गर्न निष्ठा र विधिको अबलम्बन अपरिहार्य छ। यसतर्फ ध्यान केन्द्रित गर्ने विधिका रुपमा पनि लिन सकिन्छ यस प्रकारको प्रशिक्षण वा कार्यक्रमलाई। जसले लक्षित उद्देश्य हासिल गर्न मार्ग प्रशस्त वा मार्गनिर्देशन गर्दछ।

यसै सन्दर्भमा सञ्चार क्षेत्रसँग सम्बन्धित पत्रकारिता पेशाका नवप्रवेशी तथा प्रशिक्षणबाट वञ्चित केही क्रियाशील सञ्चारकर्मीको उत्साहजनक सहभागिता रहेको नेपाल पत्रकार महासंघ झापाको अग्रसरतामा बिर्तामोडमा सम्पन्न उक्त कार्यक्रम महत्वपूर्ण तथा फलदायी रहेको ठानिएको छ। झापा शाखाको नेतृत्वले आफ्नो कार्यकाल सम्मालेपछि यसप्रकारका कार्यक्रमलाई महत्व दिएर झापाली पत्रकारिता तथा पत्रकारको हितकारी कार्य गर्दै अघि बढाउनु निश्चय नै सञ्चारकर्ममा आबद्ध रहेकाहरुका लागि खुशी र गर्वको विषय पनि हो।

कुराभन्दा पनि काममा जोड दिने महासंघको नेतृत्वको प्रतिबद्धतालाई कार्यान्वयन गर्दै जानु र उसका गतिविधिले संकेत गर्दै गएको तथ्यलाई कसैले पनि नकार्न मिल्दैन। उक्त प्रशिक्षणमा अझ पिछाडिएका समुदाय तथा जातिलाई प्राथमिकताका साथ अवसर प्रदान गर्नु अर्को राम्रो पक्ष थियो। यसपटक प्रदेश १ यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय समेतले आयोजकका रुपमा अग्रसरता देखाउनु र यस क्षेत्रको उत्थानमा सहभागी हुनुले थप ऊर्जा र हौसला बढ्नु स्वभाविक छ।

पत्रकारको भौतिक तथा पेशागत सुरक्षासँगै क्षमता अभिवृद्धिका कार्यक्रम ल्याएर प्रदेश १ कै उत्कृष्ट शाखाका

सन्दर्भ : पत्रकारिता प्रशिक्षण कार्यक्रम

रुपमा रहेको केन्द्रीय प्रतिनिधि र प्रदेशका पत्रकार नेताहरुले उद्घोष गर्दै आएको देखिएबाट पनि यस क्षेत्रमा अपेक्षित भावनामा आशाको सञ्चार गराएको छ भन्दा अत्युक्ति नहोला।

कार्यक्रमको उद्घाटनका क्रममा स्वागत तथा औचित्यमाथि प्रकाश पार्दै महासंघ अध्यक्ष एकराज गिरीद्वारा यहाँ चर्चा गर्न खोजिएको विषय अध्ययन माथि जोड दिँदै अभिव्यक्त विचार मार्मिक तथा मननीय थियो। अध्यक्ष गिरीले पत्रकारले अध्ययन गर्नुपर्छ अनि मात्र हामीले राम्रोसँग पत्रकारिता गर्न सक्छौं। हामीमा अध्ययन भएन, खोज अनुसन्धान भएन भने नागरिकले पत्याउने छैनन् भनेर पेशागत विश्वासनीयता, प्रतिष्ठाका लागि पत्रकार अध्ययनशील बन्नैपर्नमा जोड दिएका थिए। अहिले मिडियालाई फेसबुक/सामाजिक सञ्जालले चुनौति थपेको र प्रतिष्पर्धा गर्न समेत कठीन हुँदै गइरहेको अवस्थामा लगनशील भई गहन अध्ययन तथा खोजपूर्ण ढंगले सशक्तरुपमा अघि बढ्नुपर्ने बताएका थिए। पठन संस्कृति हराउँदै जानु चिन्ताको विषय भएको भन्दै उनले फेसबुकमा खर्चने समय खोज अनुसन्धान र अध्ययनमा व्यतीत गर्नु जरुरी भइसकेको बताएका थिए।

पत्रकारलाई अध्ययनशील बनाउने योजनामा समेत महासंघ लागीपरेको उल्लेख गर्दै उनले महासंघले निकट भविष्यमा ई-लाइब्रेरीको सञ्चालन गर्ने तयारीमा जुटेको जानकारी गराएका थिए। पुस्तक खोजेर पढ्न, ई-पुस्तक हेर्न, खोजमा कति ध्यान दिन्छौं, हामी जुन पेशामा छौं त्यसलाई कति व्यवसायिक बनाउन सकेका छौं वा टाइमपासका रुपमा लिँदैछौं यसतर्फ गम्भीर बन्न ध्यनाकर्षण समेत गरेका थिए। पत्रकारिताको मर्यादा र गरिमा बढाउनका लागि पनि कार्यक्रमले मद्दत पुऱ्याउने बताएका थिए। लामो अनुभव, लगनशीलता तथा समर्पण भाव यी पत्रकार नेताका यी भनाइ केवल प्रशंसाका लागि उल्लेख गरिएको नभई अहिले पत्रकारहरुमा खस्कँदै गएको दक्षता र क्षमता अभिबृद्धि गर्न प्रेरक बन्न सक्छ भन्नेतर्फ संकेत गर्न खोजिएको हो।

महासंघले राम्रो लेख्ने पत्रकारले राम्रो आयआर्जन गरिरहेको र मेहनती राम्रो लेख्ने पत्रकारका लागि लेखनवृत्तिका लागि विभिन्न निकायसँग सहकार्यको प्रयास भइरहेको तथा एउटै रिपोर्टमा ३५ हजारसम्म पारिश्रमिक प्राप्त गर्न पत्रकार सक्षम भइरहेको कार्यक्रममा अध्यक्ष गिरी, प्रमुख अतिथि महासंघका पूर्व अध्यक्ष भीम नेम्वाङ, मन्त्रलायका योजना महाशाखा प्रमुख गौतमराज अमात्य लगायतका क्षमता अभिवृद्धिका प्रयासमा जोड दिने अभिव्यक्त विचारबाट कठिनाईलाई आशावादीले अवसरमा बदल्न सक्ने भनाइलाई चरितार्थ गर्न अब सबै सञ्चारकर्मीहरु जागृत हुनुपर्ने देखिन्छ।

सम्बद्ध निकायले मूल्य-मान्यता र सिद्धान्तको ख्याल गर्दै पत्रकारिता क्षेत्रको गरिमा उच्च राख्न आचारसंहिताको पालना र क्षमता अभिवृद्धिमा जोड दिइरहेको उनीहरुको भनाइ रहेकाले कर्तव्य र दायित्व सबैले भुल्न भने हुँदैन।

कुनै क्षेत्रमा सफल बन्ने उपायबारे खप्तड स्वामीले भनेका छन्- सफलताका लागि तीन कुरा आवश्यक छ- तीव्र इच्छा, पूर्ण विश्वास र नियमपूर्ण अभ्यास। इच्छाशक्तिसँगै अध्ययनले आत्मविश्वास र पत्रकारिताको निरन्तर अभयासतर्फ सक्रियता वृद्धि हुने हुन्छ। उक्त प्रशिक्षण कार्यक्रममा पत्रकारिता क्षेत्रमा लामो अनुभव र अभ्यासका साथ समर्पित प्रशिक्षकहरु केशव भट्टराई, उमाकान्त खनाल, गणेशबहादुर कार्की र डिकेश लामाका पत्रकारिता ज्ञान, सीपको रोचक र खरो प्रस्तुतिले गुरुमन्त्रका रुपमा प्रशिक्षार्थीले ग्रहण गर्दै निकै उत्साहित र अमिट छाप छाडेको पाइयो।

ज्ञान आर्जनको सरल विधि प्रशिक्षण लिनु, सुन्नु, हेर्नु भएको र बुद्धिमानले एकपटक सुनेको कहिल्यै बिर्सदैनन् भने कतिपय अनुभवसिद्ध भनाइबाट कतिपय गुरुमन्त्रका रुपमा आजीवन रहने विश्वास पनि सकिन्छ। प्रशिक्षार्थीका प्रतिक्रिया र भनाइले पनि कृतज्ञता र निरन्तरताको इच्छा प्रभावका रुयमा लिन सकिन्छ। अन्त्यमा, यस्ता कार्यक्रमलाई महत्व दिँदै समन्वय गर्दै लक्षित उद्देश्य हासिल गर्न र सबैको अपेक्षा पूरा गरोस्। यो पनि नबिर्सौं- अध्ययन, खोज र तथ्यले मानिसलाई सत्यसम्म पुऱ्याउनेछ र सफल बनाउनेछ।

मेचीनगरमा मेलमिलाप सम्बन्धी तालिम

मेचीनगर, माघ ५। मेचीनगरका १५ वटै वडामा रहेका मेलमिलापकर्तालाई दक्ष अनुभवी बनाएर गुणस्तरीय न्याय सम्पादन गर्ने उद्देश्यले झापाको मेचीनगरमा सोमबारबाट मेलमिलाप सम्बन्धी आठ दिवसीय आधारभूत तालिम शुरु भएको छ।

तालिममा नगरका १५ वटा वडाका ३५ जना मेलमिलापकर्ता सहभागी रहेका छन्। तालिम उद्घाटनको अवसरमा न्यायिक समिति संयोजक तथा उपप्रमुख मीना पोखरेल उप्रेतीले आठ दिनसम्म चल्ने तालिमबाट धेरैभन्दा धेरै फाइदा लिन सहभागीलाई सुझाव दिइन्।

नेपालको संविधान २०७२, को धारा २४१ (१२) तथा अनुसूची ८ मा उल्लेखीत स्थानीय तहको अधिकारहरु र मेलमिलाप सम्बन्धी ऐन २०६८ तथा नियमावली २०७०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ बमोजिमका विवादहरु मेलमिलापको माध्ययमबाट समाधान गर्नका लागि मेलमिलाप कार्य सञ्चालनको व्यवस्था छ।

मेलमिलापकर्ताले पक्ष विपक्षबीचको विवादलाई छलफल गराई सहज वातावरण सिर्जना गर्न तथा सो विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्न पनि जोड दिए। अब प्रमाणपत्र वेगर मेलमिलापकर्ताले मेलमिलापकर्ताको रुपमा काम गर्न नसक्ने भएकाले अनुमति प्राप्त संस्था तालिमको सहजीकरणको भूमिका रहेको स्पष्ट पारे। उनले न्याय सम्पादनमा मेचीनगर नगरपालिकाको न्यायिक समिति अग्र स्थानमा रहेको स्पष्ट पारे।

सूचीकृत मेलमिलापकर्ता मध्येबाट विवादका पक्षहरुलाई मेलमिलापकर्ता छनौट गर्न लगाएर मेलमिलाप प्रक्रियामा सहजीकरण गर्ने पनि उनको भनाइ थियो। पछिल्लो समय धेरैजसो वादविवादहरु वडामै छलफल भएर समाधान हुने भएकोले नगरस्तरीय न्यायिक समितिमा निवेदन कम हुदैं गएको उपप्रमुख उप्रेतीको भनाइ थियो। अहिले दैनिक १० देखि १५ वटा निवेदन छलफलका लागि न्यायिक समितिमा दर्ता हुने गरेका छन्। यो तालिमले आगामी दिनमा प्रत्येक वडामा न्याय सम्पादनमा सहज हुने बताए।

मेचीनगरस्तरीय न्यायिक समिति सदस्य कुन्दन निरौलाले सञ्चालन गरेको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत होमनाथ भण्डारी, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, मेचीनगर वडा नम्बर ४ का वडाध्यक्ष अर्जुनकुमार कार्की लगायतले बोलेका थिए। उनीहरुले न्याय सम्पादन पारदर्शी र विश्वसनीय हुनुपर्नेमा जोड दिए। न्याय सम्पादन गर्दा निष्पक्ष हुनुपर्ने कुनै दल, वर्ग, जात, लिङ्गका आधारमा निर्णय र निष्कर्षमा पुग्न नहुने उनीहरुको भनाइ थियो।

स्थानीय सरकार सञ्चालन ऐनले वडामा मेलमिलाप र नगर तथा गाउँपालिकामा न्यायिक समितिको व्यवस्था गरेकाले स-साना वादविवाद आफसी छलफलबाट आफ्नै वडाबाट समाधान हुने भएकाले धेरैले सहज महशुस गरेको उनीहरुको भनाइ थियो। उनले तालिमलाई प्रमाणपत्र लिने अवसरका रुपमा मात्र नलिएर तालिममा सीकेको सीपलाई व्यवहारमा उतार्न समेत सहभागीलाई आग्रह गरे। प्रमाणपत्र लगेर सिरानीमा राखेर मात्र तालिम लिएको उद्देश्य पुरा नहुने र यहाँबाट सिकेको ज्ञान सीप र दक्षतालाई व्यवहारमा उतार्नुपर्ने उनीहरुको जोड थियो।

उद्घाटन सत्रमा नगर कार्यपालिका सदस्य, वडाध्यक्ष, वडा सदस्य लगायतको सहभागिता रहेको थियो। उद्घाटन सत्रमा सहभागी सबैलाई न्यायिक समिति सदस्य हरिनारायण न्यौपानेले स्वागत गरेका थिए। माघ १६ गतेसम्म सञ्चालन हुने तालिमको सहजीकरण प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालले गरेको छ।

झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश चुडामणि ज्ञावली, सहजकर्ता चेतराज बिष्टले मेलमलिाप समितिसँग ऐन कानूनको सम्बन्ध, प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका राष्ट्रिय श्रोत व्यक्ति संगीता थापाले मेलमिलाप सम्बन्धी आधारभूत तथा अन्य विषयमा र मेचीनगर नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत वस्तीले सामाजिक न्याय र मनोसामाजिक लगायतका विषयमा प्रशिक्षण प्रदान गर्ने उपप्रमुख उप्रेतीको सचिवालयले जनाएको छ।

वाटर किङ्डम सांस्कृतिक महोत्सव

झिलझिले, माघ ५। शिवसताक्षीमा 'वाटर किङ्डम पार्क संस्कृति उत्थान महोत्सव २०७९' आयोजना हुने भएको छ।

नगरको वडा नम्बर ८ स्थित वाटर किङ्डम पार्क एण्ड रिसोर्ट प्रालिले महोत्सव आयोजना गर्ने भएको हो। फागुन १ देखि ५ गतेसम्म आयोना हुने उक्त महोत्सव सम्भवत झापामा पृथक हुने अनुमान गरिएको छ।

आदिवासी जनजातिको परम्परागत तथा मौलिक संस्कृतिको जर्गेना गर्ने उद्देश्यले महोत्सव आयोजना गरिने पार्कका आयोजित पत्रकार सम्मेलनमा सञ्चालक राजकुमार संग्रौलाले बताए। उनले कम्तिमा एक लाख आन्तरिक तथा बाह्य पर्यटकले महोत्सवको अवलोकन गर्ने बताए।

विभिन्न जातजातिका मौलिक संस्कृति, भेषभूषा, कला, भाषा र लिपीलाई जगेर्ना गर्दै भावी पुस्तालाई सुशिक्षित गराई सांस्कृतिक मूल्य-मान्यतालाई जीवन्त बनाउन महोत्सवको आयोजना गरिएको पार्क सञ्चालक संग्रौलाले बताए।

उनले महोत्सवमा प्रत्येक दिन अलग-अलग समुदायका मौलिक परिकारहरुको फुड स्टल, बाजागाजा, हातहतियार, पोशाक, लिपीहरुको प्रदर्शनी गरिने बताए। महोत्सव अवधिभर पार्कले सर्वसाधरणका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाएको उनले बताए।

महोत्सवको अन्तिम दिन पूर्व मै पहिलोपटक नेपालको चर्चित सांगीतिक समूह १९७४ एडीको सांगीतिक कार्यक्रम रहने जानकारी दिए। सो कार्यक्रम हेर्नका लागि भने प्रवेश शुल्क तोकिएको उनको भनाइ छ।

यो पार्क २०७७ सालबाट सञ्चालनमा आएको हो। संग्रौलाको करिब ५७ करोडको एकल लगानीमा पार्क सञ्चालन भइरहेको छ। पार्कमा एक बर्षमा एक लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रिएका छन्।

उनले युवाहरुलाई समयसापेक्ष व्यवसायिक सिप माध्यमबाट स्वदेशमै स्वरोजगार बनाउने उद्देश्यले आगामी बैशाखदेखि कुकिङ, कलिनरी आर्ट, बेकरी, बारिष्टा लगायतका सीटीइभीटीबाट मान्यता प्राप्त व्यवसायिक कोषको समेत सञ्चालनको तयारी रहेको जानकारी दिए।

पार्कमा मुख्य आषर्कणको रुपमा रहेको जीप लाइन राइडिङ, जीप साइक्लिङसहित स्विमिङ पुल, बेभपुल, सावर डान्स, वाटर स्लाइड, किड पुल मार्फत पर्यटकलाई मनोरञ्जन दिने गरिएको उनको भनाइ छ।

प्रदेश नम्बर १ मै पहिलोपटक सञ्चालनमा आएको यस वाटर पार्कभित्रै सुविधासम्पन्न होटल, लज, रेस्टुरेन्ट, पार्टी प्यालेस समेत सञ्चालनमा रहेको पार्ककी सञ्चालिका मेनुका संग्रौलाले बताइन्।

ब्राउन सुगरसहित तीन जना पक्राउ

झापा, माघ ५। बुद्धशान्ति गाउँपालिका-३ बुधबारे बजारबाट प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा चारआलीबाट बुधबारेतर्फ आउँदै गरेको प्रदेश १-०१-००२ ह ३५६ नम्बरको अटोमा लुकाईछिपाई ल्याउँदै गरेको ५ ग्राम ११० मिलिग्राम ब्राउनसुगर फेला पारी अटो चालक २४ बर्षीय अजय तामाङ, अटोमा सवार १९ बर्षीय सन्देश राई र २० बर्षीय सन्तोष राजवंशीलाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ परेका उनीहरुको इलाका प्रहरी कार्यालय धुलबारीबाट थप अनुसन्धान भइरहेको छ।

उर्लाबारीमा प्रादेशिक महोत्सव हुने

मोरङ, माघ ५। उर्लाबारीमा माघ २१ मा हुन लागेको प्रादेशिक औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सवको तयारी तीव्र पारिएको छ।

सङ्घका अध्यक्ष शेरबहादुर भण्डारीले महोत्सवको तयारी भइरहेको र हालसम्म ७० प्रतिशत स्टल बुकिङ भइसकेको जानकारी दिए। उत्पादक र उपभोक्ताबीच सुमधुर सम्बन्ध कायम गर्ने उद्देश्यले आयोजना गर्न लागिएको महोत्सवमा नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगका अतिरिक्त विदेशका वस्तु र पहाडी जिल्लाका खनिजजन्य, स्थानीय कृषिजन्य र अन्य उत्पादनका स्टल राखिने महोत्सवका संयोजक तथा उर्लाबारी उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष चन्द्रबहादुर भट्टराईले जानकारी दिए।

महोत्सवमा बङ्गलादेश, पाकिस्तान, भारतका व्यवसायी सहभागी हुने भएका छन्। तीन देशले १३ वटा स्टल बुकिङ गरिसकेका छन्। पछिल्लो समय बजारमा देखिएको आर्थिक अस्थिरतालाई चलायमान बनाउन प्रादेशिक महोत्सव गर्न लागिएको हो। महोत्सवमा कृषिजन्य वस्तु, खाना तथा घरेलु उत्पादन, हस्तकला तथा गार्मेन्ट, फुटवेयर, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स, फर्निचर तथा फर्निसिङ, जडीबुटी, औषधिजन्य वस्तु तथा निर्माण सामग्री राखिने सह-संयोजक तथा सङ्घका पूर्वअध्यक्ष प्रितम खड्गीले बताए।

अर्थतन्त्र धरासायी बन्यो : पोखरेल

पथरीशनिश्चरे, माघ ५। राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेशप्रसाद पोखरेलले नेपाली अर्थतन्त्र धरासायी बनाएको बताएका छन्।

मोरङ्गको उर्लाबारी-२ स्थित बेतेनी सिमसार मंगलबारेमा सहकारी कर्मचारी संगठनको १४औं वार्षिक साधारणसभामा बोल्दै प्रमुख अतिथि महासंघका उपाध्यक्ष पोखरेलले नेपाली अर्थतन्त्र धरासायी बनेको बताएका हुन्।

उनले विश्व बजारको २९ प्रतिशत ती युक्रेन र रसियाले धानेका भन्दै मुलुकमा खासगरी उपभोग्य वस्तुहरु दाल, गेडागुडी आदि विश्व बजारमा निर्यात नभएको कारण अन्य मुलुकको भरमा ७१ प्रतिशतले धानिरहेको चर्चा गर्दै उनले हाम्रो वित्तीय परिचालनमा समस्या देखिएको बताए।

पथरीशनिश्चरे नगर पालिकाभित्र रहेका सहकारी संस्थाहरूमा कार्यरत कर्मचारी संगठनका अध्यक्ष एवम् लर्ड बुद्ध साकोसका व्यवस्थापक गणेशकुमार वाच्छना राईको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सहकारी संघका अध्यक्ष डिल्ली पोखरेल, सहकारी कर्मचारी संगठन उर्लाबारीका अध्यक्ष चक्रबहादुर खड्का, जिल्ला बचत संघका अध्यक्ष प्रेम प्रकाश कोइराला, जिल्ला समन्वय समिति मोरङ्गका सहसचिव युवराज भट्टराई, पथरीशनिश्चरे नगरका पूर्व प्रमुख दिलीपकुमार राई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा आर्थिक वर्ष २०७८/०७९को प्रगति प्रतिवेदन तथा आव २०७९/०८० को कार्य योजना सो संगठनका सचिव समेत रहेका मनकामना व्यवस्थापक कल्याण बजगाईंले प्रस्तुत गरेका थिए भने आर्थिक प्रतिवेदन तथा प्रस्तावित बजेट कोषाध्यक्ष इन्दिरा बुढाथोकीले प्रस्तुत गरेकी थिइन्।

जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका वरिष्ठ उपाध्यक्ष एकराज निरौला, सहकारी अभियान निरन्तरता सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। लामो समयदेखि सहकारी संस्थाहरूको कर्मचारीको रूपमा रहेको सेवा गरिरहेका आरती साकोसकी चण्डिका बराल र मनकामना साकोसकी पार्वता बुढाथोकीलाई सम्मान गरिएको थियो। सोही अवसरमा उत्कृष्ट बचतकर्ता र ऋण कारोबारकर्ताहरूलाई पनि पुरस्कृत गरिएको थियो।

आवश्यकता

यस कार्यालय सञ्चालन र शाखा विस्तारको लागि केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

पद : P.R.O./Office Staff
योग्यता : S.E.E. पास
तलब : १३५०० देखि १८००० सम्म

सम्पर्क
ग्रीन मार्ट प्रा. लि.
बिर्तामोड-१, रत्नमार्ग
फोन:९८६६६७२५७९,९८०१४३२३३०

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८५२६२५३५३, ९८१४०३६३४४

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

Lucky Department Pvt. Ltd.

Mechinagar-13, Charali, Jhapa

Vacancy Announcement

Accountant
Requirement
- Bachelor Degree
- Minimum 2 Years of experience in Accounting Sector.
- Salary : Negotiable

Sales Man
Requirement
- +2 Pass
- Minimum 2 Years of experience as Salesman.
- Salary Negotiable.

Lucky Department
Your Need In Just One Place

Contact : 023-460612
9749211565
9810285191

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

कतारमा रोजगारको अवसर

२. कम्पनी : Danem Engineering Works — शहर : QATAR, DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२५ — चलानी नं.: ६०१६०१२२ — LT. No.: 242321 — पुन:विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Welder	50		सम्बन्धित काममा दक्ष	Before Test 1000+300 After test 1700+300	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Fitter	50			1000+300							
3.	Rigger	30			1000+300							
4.	Spray Painter	50			1000+300							
5.	Helper	100			1000+300							

अन्तरवार्ता शाखा कार्यालय बिर्तामोडमा २०७९ माघ १५ गते (29 January 2023) मा हुनेछ।

श्रम इजाजत नं. ३९६/०६०/०६१

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
बिर्तामोड शाखा कार्यालय : ०२३-५४२०९४
९८०८०७४५९८, ९८०३०७४४३९, ९८०३७७४४३९, ९८२५९५२५७३, ९८१४९७४७००

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
तपाईको आजको दिन मिश्रित रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, तपाईको आज मन खिन्न रहला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जाने हुनाले परिवारजन बिमुख हुनेछन्।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम रहेको छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।